उदयपुर जिल्ला अदालत

गाईघाट, बोक्से
(प्रशासन शाखा)
०३५-४२२१९४
०३५-४२२१९५

मितिः- २०८२।७।२७

सूचना सूचना सूचना

मिति २०८२।५।२४ मा श्री उच्च अदालत बिराटनगरमा भएको आगजनी समेतबाट मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन परी सम्मानित अदालतबाट माग भए बमोजिम यस अदालतबाट पठाईएका चालू मिसिलहरुमध्ये तपसिलमा उल्लेखित मिसिलहरु जली पूर्णरुपमा नष्ट भएको भनी श्री उच्च अदालत बिराटनगरबाट जानकारी प्राप्त हुन आएकोले जली पूर्ण रुपमा नष्ट भएका मिसिल कागजातहरु पुनः प्राप्ती गर्न सम्मानित सर्वोच्च अदालतबाट जारी भएको **बिशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ती र प्रमाणिकरण सम्बन्धी निर्देशिका,२०८२** बमोजिम मिति २०८२।७।२७ गतेबाट लागू हुने गरी ६० दिनभित्र देहायका कागजात समेत लिई यस अदालतमा सम्पर्क गर्नु हुन सबैको जानकारीको लागि यस अदालतको मिति २०८२।७।२७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

नष्ट भएको जानकारी प्राप्त भएका मिसिलहरुः-

सि.नं.	वादी	प्रतिवादी	मुद्दा नम्बर	मुद्दा
१	प्र.ना.नि.उज्वल खड्गी समेतको प्रतिवेदनले नेपाल सरकार	माईला गोरे दादा भन्ने हरिकृष्ण राई समेत	०८१-C१-०२२६	लागू औषध
२	डिकसेर राई समेतको जाहेरीले नेपाल सरकार	केदारनाथ शर्मा समेत	०८१-C१-०२७२	सहकारी रकम हिनामिना गरेको
३.	प्र.ना.नि.उज्वल खड्गी समेतको प्रतिवेदनले नेपाल सरकार	शम्भु कुमार साह समेत	०८१-C१-०२९५	लागू औषध
४	अमृत बहादुर सुनुवारको जाहेरीले नेपाल सरकार	अनन्त कुमार पाँचे मगर समेत	०८१-C१-०२५५	सवारी ज्यान
५	मिना कुमारी राईको जाहेरीले नेपाल सरकार	बिक्रम बान्तवा राई	०८२-C१-०००३	ज्यान सम्बन्धी कसूर

पेश गर्नुपर्ने कागजातहरु

क.उजूरी निवेदन, जाहेरी दरखास्त, अभियोगपत्र
ख. मुद्दामा पेश गरेका सक्कल कागजात वा सो को प्रतिलिपि
ग. मुद्दासँग सम्बन्धित बयान/बकपत्र/आदेश/ पत्र लगायतका प्रतिलिपिहरु
घ. तारेखपर्चा लगायतका मिसिल खडा गर्न सहायक हुने मिसिलसँग सम्बन्धित कागजातहरु
ङ.नागरिकता वा परिचय खुल्ने कागजातको प्रतिलिपि

सेरेस्तेदार